# स्तन जाँचका लागि संक्षिप्त निर्देशिका

BreastScreen Queensland

## स्तन जाँच के हो?

स्तन जाँच (म्यामोग्राम) ले स्तनमा धेरै साना क्यान्सरहरू हेर्नको लागि एक्स - रे प्रयोग गर्दछ जुन महिला वा उनको डाक्टरले देख्न वा महसुस गर्न सक्दैनन् । धेरै सानो छँदै स्तन क्यान्सरहरू पत्ता लागेमा सजिलैसँग उपचार गर्न सकिन्छ।

### हामी कहाँ स्तन जाँच सेवा

- **नि:शुल्क** छ ।
- ३० मिनेट भन्दा कम समय लाग्छ ।
- क्वीन्सल्याण्डभरि उपलब्ध छ
- **डाक्टरको सिफारिस आवश्यक पर्दैन।**

स्तन जाँचमा के हुन्छ भन्ने बारेमा भिडियो हेर्नका लागि तलको QR कोड स्क्यान गर्नुहोस् । तपाईं breastscreen.qld.gov.au हेर्न सक्नुहुन्छ र 'स्तन जाँच गर्ने' ('Having a breast screen') पृष्ठमा भिडियो फेला पार्न सक्नुहुन्छ ।

### स्तन जाँच कसले गराउन मिल्छ?

**हामी ४० वर्ष वा माथिका महिलाहरूलाई स्तन परीक्षण प्रदान गर्दछौं, जसको स्तनमा कुनै परिवर्तन देखिएको छैन ।**

*र breastscreen.qld.gov.au/should-i-screen/who-can-have-a-breast-screen मा विस्तृत रूपमा लिङ्ग विविध व्यक्तिहरूको योग्यताको मापदण्ड ब्याख्या गरिएको छ

**स्क्यान गर्नुहोस्**

## के तपाईं ५० देखि ७४ वर्षको हुनुहुन्छ?

यस उमेर समूहका महिलाहरूको लागि स्तनको जाँच सबैभन्दा प्रभावकारी हुन्छ । ५० देखि ७५ वर्ष उमेरका अधिकांश महिलाहरूले प्रत्येक २ वर्षमा स्तन जाँच गर्नुपर्छ ।

## के तपाईं ४० देखि ४९ वा ७५ वर्ष कि त्यो भन्दा माथिको हुनुहुन्छ?

यस उमेरका महिलाहरूको स्तन परीक्षणका विभिन्न जोखिम र फाइदाहरू छन् । स्तन परीक्षण तपाईंको लागि सही छ कि छैन भनेर पत्ता लगाउन आफ्नो डाक्टरसँग कुरा गर्नुहोस् ।

## के तपाईं ४०बर्ष भन्दा कम उमेरको हुनुहुन्छ?

हामी ४० वर्षभन्दा मुनिका महिलाहरूको लागि स्तन परीक्षण गराउँदैनौं । स्तन परीक्षण ४० वर्ष मुनिका महिलाहरूको लागि प्रभावकारी हुदैन र स्तन क्यान्सरको जोखिम धेरै कम हुन्छ ।

### नतिजाहरू

धेरैजसो महिलाहरूलाई उनीहरूको **स्तन जाँचको २ हप्ता भित्र** परिणाम पठाइन्छ । तपाईंले हामीलाई आफ्नो डाक्टरको विवरण दिनुभएको छ भने तपाईंको नतिजा उनीहरुलाई पनि पठाउनेछौं । यदि तपाईंलाई पुनः परीक्षण गर्न आवश्यक परेमा, हाम्रा **नर्सहरूले तपाईंलाई यस** पछि के गर्ने भनेर कुरा गर्न फोन गर्नेछन् ।

**स्तन जाँच गराएका प्रत्येक १००० महिलाहरूमध्ये करीब ६ जनालाई मात्र स्तन क्यान्सर देखिन्छ।**



### स्तनको बारेमा सचेत हुनु

कुनै पनि जाँच जस्तै, स्तन जाँचले हरेक स्तनको क्यान्सर फेला पार्न सक्दैन । तपाईंको स्तन सामान्यतया: कस्तो देखिन्छ र छाम्दा कस्तो छ भनेर थाहा पाइराख्न महत्त्वपूर्ण छ र यदि तपाईंले कुनै परिवर्तन देख्नभयो भने आफ्नो डाक्टरलाई भेट्नुहोस् ।

अपोइन्टमेन्ट लिन वा थप जानकारीको लागि

**breastscreen.qld.gov.au** मा खोज्नुहोस् वा **13 20 50** मा फोन गर्नुहोस्।

Interpreter दोभाषेको लागि **13 14 50** मा फोन गर्नुहोस्

Queensland Government